"राम्रो पालिका हाम्रो पालिका, नीति निर्माण र विकासमा जनसहभागिता"

# केपिलासगढी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

## बाक्सिला खोटाङ

# आ.व.-२०८०।०८१ को नीति तथा कार्यक्रम

स्वीकृत मिति : २०८०/०३/१० गते

## विषयसूची


आर्थिक विकास ........................................ ७

कृषि तथा पशुपालन, ........................................ ७

उद्योग तथा वाणिज्य, ........................................ ८

सहकारी........................................ १०

सामाजिक विकास अन्तर्गत........................................ १०

शिक्षा........................................ १०

स्वास्थ्य ........................................ १२

युवा तथा खेलकुद........................................ १३

महिला बालबालिका, जेष्ठ नागरीक तथा फरक क्षमता ........................................ १३

पूर्वाधार........................................ १४

सडक ........................................ १४

भवनहरु........................................ १५

पुलहरु ........................................ १६

खानेपानी तथा सरसफाई ........................................ १६

विद्युत/ उर्जा........................................ १६

सिंचाई........................................ १७

वन, वातावरण तथा विपद, व्यवस्थापन........................................ १७

पर्यटन तथा संस्कृति........................................ १७

सार्वजानिक सेवा तथा क्षमता विकास........................................ १८

संस्थागत सुधार तथा सुशासन प्रवर्द्धन........................................ १८

सूचना तथा प्रविधि........................................ २०

सामाजिक सुरक्षा तथा पञ्जिकरण सम्बन्धी........................................ २०

सामी परियोजना अन्तर्गत........................................ २०

सहकार्य तथा साझेदारी कार्यक्रमहरु........................................ २१



बाह्रविसे गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय

**केपिलासगढी गाउँपालिकाको सम्मानित गाउँसभाको १३ औं अधिवेसनमा उपस्थित आदरणीय गाउँपालिका उपाध्यक्ष ज्यू, सम्मानित गांउँसभाका सदस्यज्यूहरु, राष्ट्रसेवक कर्मचारीज्यूहरू, आमन्त्रित सूरक्षाकर्मी तथा पत्रकार साथीहरु,**

स्थानीय सरकार सञ्चालनको दोस्रो कार्यकालको दोस्रो आ.व.-२०८०/८१ को नीति तथा कार्यक्रम सञ्चालन गर्ने अवसर प्रदान भइरहेको यो स्वर्णिम अवसरमा देशको राजनैतिक परिवर्तनका खातिर विभिन्न कालखण्डमा भएका आन्दोलनको क्रममा सहादत प्राप्त गर्नुहुने तमाम् वीर शहीद प्रति भावपूर्ण श्रद्धासुमन व्यक्त गर्दछु। जनयुद्ध तथा जनआन्दोलनको क्रममा घाइते तथा बेपत्ता नागरीकहरुको उच्च सम्मान र उहाँहरुले पुर्‍याउनु भएको योगदानको कदर गर्दै शिघ्र स्वास्थ्य लाभको कामना गर्न चाहन्छु। राष्ट्रियता र स्वाधीनताको रक्षा गर्दै न्यायपूर्ण समाज निर्माण र समृद्धिको मार्गमा एकतावद्ध रहनुभएका आम नेपाली नागरीक, राजनीतिक नेतृत्वप्रति उच्च सम्मान प्रकट गर्न चाहन्छु।

नेपालको संविधानले संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना अनुसार स्थानीय तहको अधिकार बमोजिम स्थानीय तहलाई आत्मनिर्भर तथा शक्तिशाली बनाउनको लागि स्थानीय स्तरको अधिकतम स्रोत साधनको परिचालन गरी विकासमा टेवा पुर्‍याउनको साथै स्थानीय सीप तथा कलालाई प्रवर्द्धन गर्न महत्वपूर्ण उद्देश्य रहेको छ। यसका साथै संघ, प्रदेश र स्थानीय तह गरी तीनै तहको सरकारहरुको समन्वय तथा सहकार्यवीच मात्र विकास सम्भव रहेको छ।

**यस गरीमामय गाउँसभाका सदस्यज्यूहरु,**

संघीय संरचना बमोजिम नेपाललाई ७५३ पालिकामा विभाजन पश्चात यस खोटाङ जिल्लाको केपिलासगढी गाउँपालिका सूदुर उत्तरमा रहेको एउटा गाउँपालिका हो । यो गाउँपालिका खोटाङ जिल्लाको सदरमुकाम दिक्तेलबाट करिव ४२ किमी टाढा उत्तर पूर्व तर्फ १६१० मिटरको उचाई र १९१.५५ वर्ग किमी क्षेत्रफलमा फैलिएर रहेको छ। राष्ट्रिय जनगणना २०७८ को बार्षिक प्रतिवेदन अनुसार यस केपिलासगढी गाउँपालिकामा ३३१८ घरधुरी रहेको छ। प्रतिघर औसत जनसंख्या ३.९९ तथा यस गाउँगाउँपालिकाको कूल जनसङ्ख्या १३ हजार २ सय ३१ रहेको छ। गाउँपालिकाको क्षेत्रफल तथा हालको जनसङ्ख्यालाई निम्न तालिका बमोजिम प्रस्तुत गरीएको छ।

**केपिलासगढी गाउँपालिकाको वडागत जनसङ्ख्या देहाय बमोजिम रहेको छ।**

| वडा नं. | वडा क्षेत्रफल | पुरुष | महिला | जम्मा |
|---|---|---|---|---|
| १ फेदी | ५८.२४ वर्ग किमी | १३२३ | १४४४ | २७६७ |
| २ खार्तम्छा | १४.९५ वर्ग किमी | ७८९ | ७३७ | १५२६ |
| ३ बास्पानी | ६.८९ वर्ग किमी | ५९३ | ६१९ | १२१२ |
| ४ बाक्सिला | १६.७१ वर्ग किमी | १५३२ | १५५१ | ३०८३ |
| ५ ससेश्वर | १०.१७ वर्ग किमी | ८२१ | ८९५ | १७१६ |
| ६ दिप्सुङ | १३.०९ वर्ग किमी | ४२० | ३८६ | ८०६ |
| ७ सुङ्देल | ७१.५ वर्ग किमी | १०५७ | १०६४ | २१२१ |
| जम्मा | १९१.५५ वर्ग किमी | ६५३५ | ६६९६ | १३२३१ |



केपिलासगढी गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
बाक्सिला, खोटाङ

समिर राई
अध्यक्ष

मानिनय गाउँसभा सदस्यहरु ज्यूहरु,

नेपाललाई चार जात छत्तिस वर्णको फुलबारी मानिए जस्तै यस केपिलासगढी गाउँपालिका पनि विभिन्न धर्म, संस्कार तथा संस्कृति मान्ने जातजातिका मानिसहरु एक आपसमा मिलेर रहेका छन। यस गाउँपालिकामा रहेका जातजातिहरुको विवरण निम्न बमोजिम रहेको छ।

**केपिलासगढी गाउँपालिका भित्रका जातजातिहरु**

| जातजातिहरु | पुरुष | महिला | जम्मा |
|---|---|---|---|
| क्षेत्री | ५५३ | ६०५ | ११५८ |
| ब्राम्हण | ९५ | ७१ | १६६ |
| तामाङ | ४१० | ४४१ | ८५१ |
| नेवार | ११३ | १२१ | २३४ |
| बिश्वकर्मा | ३३३ | ३४० | ६७३ |
| राई | ४३७१ | ४४७० | ८८४१ |
| गुरुङ | १३१ | १३७ | २६८ |
| परियार/ दमाइ | १८६ | १७१ | ३५७ |
| याक्थुङ/ लिम्बु | १४ | १५ | २९ |
| मिजार/ सार्की | २७ | १९ | ४६ |
| सन्यासी/ दशनामी | १० | १४ | २४ |
| घर्ती/ भुजेल | ५० | ३६ | ८६ |
| शेर्पा | १०८ | १३० | २३८ |
| सुनुवार | ५८ | ५९ | ११७ |
| नाछिरिङ | ४५ | ४४ | ८९ |
| बाहिङ | ६ | ६ | १२ |
| अन्य | २५ | १७ | ४२ |
| जम्मा | ६५३५ | ६६९६ | १३२३१ |

त्यस्तै गरी यस गाउँपालिकामा विभिन्न धर्म मान्ने नागरीहरुहरुको सङ्ख्यात्मक विवरण निम्न बमोजिम रहेको छ।

केपिलासगढी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय ...., खोटाङ

समिर राई
अध्यक्ष

**केपिलासगढी गाउँपालिकामा विभिन्न धर्म मान्ने धर्मावलम्वीहरु**

| धर्म | पुरुष | महिला | जम्मा |
|---|---|---|---|
| हिन्दु | १५०४ | १४९८ | ३००२ |
| बुद्ध | ६२४ | ६९९ | १३२३ |
| किरात | ३३५७ | ३४०५ | ६७६२ |
| क्रिश्चियन | १०५० | १०९४ | २१४४ |
| जम्मा | ६५३५ | ६६९६ | १३२३१ |

त्यस्तै गरी यस गाउँपालिकामा विभिन्न भाषा बोल्ने नागरीकहरुको सङ्ख्यात्मक विवरण निम्न बमोजिम रहेको छ।

**केपिलासगढी गाउँपालिका भित्र बोलिने भाषागत विवरण**

| जातजातिहरु | पुरुष | महिला | जम्मा |
|---|---|---|---|
| नेपाली | १५५९ | १५७१ | ३१३० |
| मैथिली | ११ | ५ | १६ |
| तामाङ | ४०७ | ४३२ | ८३९ |
| नेवारी | ७७ | ७६ | १५३ |
| लिम्बु | १३ | १४ | २७ |
| गुरुङ | ३० | ३२ | ६२ |
| बान्तावा | ८ | १७ | २५ |
| शेर्पा | १०६ | १२८ | २३४ |
| चाम्लिङ | १८ | ३० | ४८ |
| सुनुवार | २१ | २४ | ४५ |
| भुजेल | ११ | ७ | १८ |
| थुलुङ | ६४ | ७५ | १३९ |
| सामपाङ | १९८३ | २०४३ | ४०२६ |
| खालिङ | १४ | १८ | ३२ |
| वाम्बुले | १८ | १३ | ३१ |
| बाहिङ | ३१ | ३० | ६१ |
| नाछिरिङ | १६२ | १७० | ३३२ |
| दुमी | ८८७ | ९०५ | १७९२ |
| संस्कृत | ६ | ७ | १३ |
| कोयी | १०९९ | १०८३ | २१८२ |
| अन्य | १० | १६ | २६ |
| जम्मा | ६५३५ | | १३२३१ |

केपिलासगढी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लाफ्सिला, खोटाङ

समिर राई
अध्यक्ष

मानिनय गाउँसभा सदस्यहरु ज्यूहरु,

साम्पाङ, दुमी, कोयी, जातिको बाहुल्यता मानिएको यस गाउँपालिका क्षेत्री, ब्राम्हण, शेर्पा, तामाङ, गुरुङ, दलित, मगर तथा दशनामीहरुको बसोबास रहेको छ । विविध संस्कार र संस्कृतिको धनी मानिएको यस गाउँपालिकालाई किराँत राईहरुको उद्गम भूमी र सभ्यताको केन्द्रविन्दूको रुपमा लिईन्छ। प्रकृति पूजक भनेर चिनिने किराँतीहरुको आफ्नै मौलिक संस्कृति उधौली र उभौली पर्व बर्षमा दुईपटक भव्यताका साथ मनाउने गरीन्छ। धार्मिक, साँस्कृतिक तथा पर्यटकीय क्षेत्रको प्रचुर सम्भावना रहेको यस गाउँपालिकामा केपिलासगढी डाँडा, लौरेडाँडा, ढाल तरबारडाँडा, घ्याङखर्क, चिलिमढुङ्गा, बाहाने पोखरी, मैयूडाँडा हुँदै मुन्दुम पदमार्ग आदि जस्ता थुप्रै ऐतिहाँसिक स्थलहरु रहेको छ। यस गाउँपालिकाको विभिन्न वडामा रहेको भीर मौरी र विश्वमै दुर्लभ हुँदै गएको रेडपाण्डा यस गाउँपालिकाको थप आकर्षणहरु हुन। भीर मौरी र रेडपाण्डालाई मात्रै पर्यटनसंग जोड्न सकिएको खण्डमा पनि यस पालिकाको आर्थिक विकासमा टेवा पुऱ्याउन सकिन्छ। यस गाउँपालिकाका अधिकाशं मानिसहरु कृषि पेशामा आबद्ध भएतापनि व्यापार-व्यवसाय, नोकरी, वैदेशिक रोजगार तथा पछिल्लो चरणमा व्यवसायिक पशुपंक्षी पालनमा समेत थुप्रै युवाहरु आकर्षित हुँदै गएको देखिन्छ। आयातमुखी व्यापारका दृष्टिकोणले वडा नं ४ बाक्सिला अगाडि रहेता पनि नगदेबाली लगायतको निर्यातमुखी व्यापारमा वडा नं १ फेदी, वडा नं २ खार्तम्छा, वडा नं ६ दिप्सुङ, र वडा नं ७ सुङ्देल अलैची, चिराइतो जस्ता वस्तुहरु निर्यातमा अगाडि रहेका छन। मासु उत्पादन, दलहन, तेलहन र तरकारीजन्य वस्तुको उत्पादनमा सबै वडाहरु अगाडि बढिरहेको देखिन्छ र यसरी हेर्दा गाउँपालिका भित्रका सबै वडाहरुमा केही न केही चिज बस्तुको उत्पादनमा क्रमशः अगाडि बढिरहेको देखिन्छ। समग्रमा हेर्दा गाउँपालिकाको थुप्रै जमिनहरु बाँझिदै गएको तथा कृषि पेशाबाट मान्छेहरु पलायन भएको जस्तो देखिएता पनि पछिल्लो चरणमा युवाहरु पुनर्जागृत भई फेरि व्यवसायिक कृषि व्यवसायतिर फर्केको देखिन्छ।

गाउँसभाका सदस्य ज्यूहरु

देश विकासको मेरुदण्ड नै आर्थिक विकास हो। देश संघीय संरचनामा गइसकेपछि स्थानीय तहलाई अधिकार सम्पन्न बनाउनको लागि आर्थिक विकास महत्वपूर्ण रहेको हुन्छ। त्यस्तै यस केपिलासगढी गाउँपालिकालाई पनि आर्थिक क्षेत्रबाट सुविधा सम्पन्न बनाउनको लागि विभिन्न आयामहरुको परिचालन गर्न सकिन्छ। सामाजिक, सांस्कृतिक, वातावरणीय, कृषि, पर्यटन, उधोग तथा बाणिज्य क्षेत्रको विकास नगरी आर्थिक क्षेत्रको विकास कल्पना गर्न सकिदैन। **"जल जमिन जङ्गलको आङ्कलन, समृद्ध पालिकामा युवाहरुको परिचालन"** भन्ने मुल नारालाई आत्मसाथ गरी युवा केन्द्रित कार्यक्रमबाट मात्र आर्थिक विकास सम्भव छ ।त्यस्तै गरी यस क्षेत्रको वातावरणीय पर्यावरणलाई पालिकाको विकासमा समाहित गरी आर्थिक उन्नती गर्न सकिन्छ । यस पालिका भित्रका विभिन्न सांस्कृतिक पक्षको विकास नगरी मानिसको जीवनस्तर उक्सन सक्दैन त्यसकारण मानवीय जीवनमा जोडिएको हरेक सांस्कृतिक पक्षलाई सवल बनाउनु आवश्यक छ ।मानवीय क्रियाकलापको पहिलो शिक्षा नै साँस्कृतिक शिक्षा रहेको हुनाले यस्तो शिक्षा प्रदान गर्नको लागि पालिकाले विषेश जोड दिनुपर्ने देखिन्छ । यस्तै गरेर कृषि देशको



केपिलासगढी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बाक्सिला, खोटाङ

समिर राई अध्यक्ष

मेरुदण्ड रहेको कुरा सबैलाई जगजाहेर नै रहेको छ हाम्रो यस केपिलासगढी गाउँपालिकामा पनि कृषिमा प्रचुर सम्भाव्यता भएको ठाउँ भएको हुनाले कृषि क्षेत्रको विकास बिना आर्थिक समृद्धि हुन सक्दैन। त्यस कारण कृषिमा परम्परागत खेतीलाई निरुत्साहित गरी गाउँपालिकाले आधुनिक कृषी गर्नको लागि मेसिन तथा औजार, वितरणको काम पनि गरेको र बिऊ विजन समेत वितरण गरी कृषकलाई आत्मनिर्भर बनाउने उद्देश्यतिर पालिका लागि परेको छ। त्यसकारण कृषि विज्ञको अनुसन्धानको सहायतामा कृषि खेतीमा जोड गरी पालिकालाई आत्मनिर्भर बनाउनु पर्नेछ ।यसै गरी यस गाउँपालिकाको नयाँ जनगणना अनुसार साक्षरता प्रतिशत ७०.० प्रतिशत रहेकोमा यस गाउँपालिकाले शिक्षा सम्वन्धि लिएको नीतिलाई अवलम्बन गरी SEE उत्तीर्ण छात्रा, छात्रलाई प्रोत्साहन स्वरुप नगद पुरस्कार, बालबालिकाहरुलाई निशुल्क अभ्यास पुस्तिका वितरण कार्यक्रम, बुहारी शिक्षा कार्यक्रम, पृथ्वी मा.वि.मा प्राविधिक शिक्षा अध्यापन, स्थानीय भाषाको रुपमा रहेको सामपाङ, दुमी, कोयी भाषाको पाठ्यक्रम निर्माण गरी विद्यालयमा लागू पनि गरीसकेको अवस्था छ। यसले आफ्नो मातृभाषाप्रतिको मोह जागृत गराउने भएकाले शिक्षा क्षेत्रमा केही उल्लेख्य काम भएको छ र आगामी दिनहरुमा विद्यालय छाड्ने र विद्यालय नै नजानेहरुको लागि विशेष कार्यक्रम ल्याई साक्षरता दरमा सुधार ल्याउने काम गरीनेछ। शिक्षा क्षेत्रको विकास गर्न बालमैत्री तथा व्यवहारिक शिक्षामा जोड गरी पालिकालाई आत्मनिर्भर बनाउनु आवश्यक रहेको देखिन्छ। शिक्षाबिनाको समाज अन्धकार समाज रहेको हुँदा हरेक बालबालिकालिकालाई शिक्षाको पहुँचमा पुर्याउने लक्ष्यका साथ कामलाई तदारुकताका साथ अगाडि लानुपर्ने अवस्था छ ।केपिलासगढी गाउँपालिका एउटा विविधता युक्त समाज र त्यस समाजका छुट्टा छुट्टै मुल्य मान्यतामा रहेका जातजाति धर्म समुदायको बसोबास भएको हुनाले यस गाउँपालिकालाई विविधतायुक्त सामाजिक परिवेश भएको ठाउँको रुपमा चिनिन्छ। राई समुदायको बाहुल्य रहेको यस क्षेत्रमा क्षेत्री, ब्राम्हण, गुरुङ, कामी, दमाई, सार्की ,मगर, भुजेल आदि जातिहरुको बसोबास रहेको पाईन्छ ।समतामुलक विकासको अवधारणा अनुसार सबै जाति,धर्म,संस्कृतिको अपनत्व हुने गरी विकास गरेमात्र पालिकाको विकास सम्भव छ। **"विभिन्न जाति धर्म लिङ्गको मुल्य मान्यता, समृद्ध पालिका निर्माणमा बालक देखि वृद्ध सम्मको सहभागिता"** भन्ने मान्यताका आधारमा सबै पक्षलाई समेटी सामाजिक क्षेत्रको विकास गर्न सकिन्छ।

**यस गरीमामय गाउँसभाका सदस्यज्यूहरुः**

अब म,

**आगामी आर्थिक वर्ष २०८०।८१ को वार्षिक नीति तथा कार्यक्रम यस सभामा पेश गर्न चाहन्छु।**

यस केपिलासगढी गाउँपालिकाले नीति तथा कार्यक्रममा **"व्यवसायिक शिक्षा, कृषि, पर्यटन तथा स्वास्थ्यको सर्वसुलभ आधार, समृद्ध तथा सबल स्थानीय सरकार"** भन्ने मुल नारालाई आत्मसाथ गरी स्थानीय सरकार सञ्चालन गर्ने मुख्य उद्देश्य रहेको छ।

**गाउँसभाका सदस्यज्यूहरु,**

आर्थिक वर्ष-२०८०।८१ को वार्षिक नीति तथा कार्यक्रमलाई समीक्षात्मक रुपमा प्रस्तुत गर्न चाहन्छु।

केपिलासगढी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय

समिर राई
अध्यक्ष

# आर्थिक विकास

**कृषि तथा पशुपालन,**

१. तोरी तेलमा पालिकालाई आत्मनिर्भर बनाउन कृषकहरुलाई तोरी खेतीमा अनुदान प्रदान गरीनेछ, बेसार, अदुवा, लसुन, प्याज, अकबरे खुर्सानी, टमाटर, आलु, लगायत अन्य तरकारीहरुलाई उत्पादन वृद्धि गर्न विशेष व्यवस्था गरीनेछ र व्यस्थापन गर्दै लगिनेछ ।

२. रासायनिक मल निषेधित क्षेत्र तथा वडा घोषणा गरीनेछ यसका साथै प्राङ्गरिक मलको उत्पादनमा विशेष जोड दिइनेछ साथै सबै वडालाई अर्गानिक वडा घोषणा गरीदै लगिनेछ।

३. आगामी वर्षदेखि कृषि, पशु तथा घरेलु उत्पादन प्रदर्शनी मेलाको आयोजना गरीनेछ साथै उक्त प्रदर्शनको निम्ति बजेटको व्यवस्था गरीनेछ।

४. केपिलासगढी गाउँपालिकाको वडा नं १ फेदीमा विगत वर्षदेखि सञ्चालन हुँदै आइरहेको चिया खेती कार्यक्रमलाई निरन्तरता दिदै आगामी वर्षदेखि वडा नं ७ सुङ्देल लगायत अन्य वडाहरुमा सम्भाव्यता अध्ययन गरी थप विस्तार गर्दै लगिनेछ।

५. वास्तविक मेहेनती कृषक, कृषि सहकारी, महिला समूह तथा अन्य समुहलाई मात्र सुविधा पाउने गरी कृषि रणनीति बनाईने छ। जसबाट आफ्नालाई होइन सही कृषक छनौट हुने विश्वास लिएको छु।

६. स्थानीय हावापानी सुहाउँदो सबै किसिमका पशुपालन गरी कृषकको आम्दानीमा वृद्धि गरीनेछ।

७. गाउँपालिका भरि उत्पादित बस्तुहरुको राम्रो गुणस्तरीय प्याकेजिङ तथा ब्राण्डिङ गरी शहरसम्म बिक्री बितरण गर्न व्यापारिक घरनासँग सम्झौता गरी बजारको सुनिश्चिता गरीनेछ।

८. स्थानीय स्तरमा उत्पादित कृषि उपजहरुलाई बजारीकरण गरी आयातित वस्तुहरुलाई क्रमश रोक्दै स्थानीय समुदायलाई कृषिमा आत्मनिर्भर बनाइनेछ।

९. गाउँपालिकाको उत्पादनको गौरवको योजना अन्तर्गत तोरी उत्पादनलाई अनुदान दिदै आएकोमा अझ यसलाई प्रभावकारी बनाउन उत्पादनको आधारमा कृषकहरुलाई पुरस्कार स्वरुप अनुदानको व्यवस्था गरीनेछ साथै प्रसोधनको र प्याकेजिङको निम्ति आवश्यक मेसिनको व्यवस्था गरीनेछ।

१०. उपयुक्त भुगोल छनौट गरी फलफूल खेती, तरकारी खेती, खाद्यान्न बाली, नगदे बाली लगाई पकेट क्षेत्र निर्धारण गरीनेछ ।

११. कागती खेतीलाई प्राथमिकतामा राखी व्यवसायिक रुपमा विकास गरीनेछ। साथै कागती पकेट क्षेत्र घोषणा गरिनेछ।

१२. बालीमा लाग्ने रोगहरुको नियन्त्रण गर्ने रणनीति बनाईनेछ।

१३. कृषि पर्यटकीय क्षेत्रको अवधारणा अघि बढाइनेछ।

१४. कृषकहरुले उत्पादन गरेको सामाग्रीहरुलाई बजारको अभाव रहेको भन्ने जनगुनासो आम कृषकहरुको देखिन्छ यसको वैज्ञानिक समाधानको निम्ति प्रदेश सरकारबाट विनियोजित



गाउँपालिका
कार्यालय

समिर राई
अध्यक्ष

रकमले पालिकामा रहेको पुरानो भवनहरुलाई मर्मत संभार गरी कृषी संकलन केन्द्र आगामी वर्षदेखि सञ्चालनमा ल्याईने छ, उक्त संकलन केन्द्रलाई व्यवस्थित बनाई कृषकहरुबाट उत्पादित सबै किसिमका सामाग्रीहरु पालिकाले उचित मूल्यमा खरिद गरी भण्डारण गरिनेछ साथै आवश्यकता अनुसार शीत भण्डारणको समेत व्यवस्थापन गरिनेछ, यस बृहत कार्ययोजना सञ्चालनको निम्ति गाउँपालिकाले आवश्यक अध्ययन तथा अनुसन्धान गरी उपयुक्त कार्यविधि तयार गरेर कृषकको हित अनुकूल लागु गरिनेछ।

१५. मौरीपालन सम्बन्धी कार्यक्रमलाई प्रवर्द्धन गरी मौरी पकेट क्षेत्र घोषणा गरीनेछ साथै मौरीको महलाई पालिकाको ब्राण्डको रुपमा विकास गरीनेछ।

१६. बढी र गुणस्तरीय उत्पादन गर्ने कृषकहरुलाई सम्मान र पुरस्कृत गर्दै लगिनेछ।

१७. वडा नं १ फेदी, वडा नं ७ सुङ्देललाई आवश्यक अध्ययन गरी किवी पकेट क्षेत्र घोषणा गरीनेछ।

१८. गाउँपालिकाको सीमित स्रोतले मात्र कृषि क्षेत्रमा गाउँपालिकाले लिएको उद्देश्य प्रभावकारी ढङ्गले सञ्चालन गर्न नसकिने हुनाले कृषि ऋण सहुलियत व्याजदरमा गाउँपालिका जमानी बसी राष्ट्रिय वाणिज्य बैङ्कसँग आवश्यक प्रक्रिया पुरा गरी वास्तविक किसानको छनौट गरी कृषि ऋणको निम्ति कृषकहरुलाई सिफारिस गरीनेछ।

१९. सबै किसिमका उत्पादनमा आधारित कृषकहरुलाई अनुदानको व्यवस्था गरीनेछ।

२०. लोपोन्मुख रैथाने बालीहरुको संरक्षण गर्ने उचित कार्यक्रम ल्याइनेछ। यस गाउँपालिका भित्र पाइने विशेष गरी वडा नं १ फेदी र वडा नं ७ सुङ्देलमा लोपोन्मुख अवस्थामा रहेको पर्यटन प्रवर्द्धनसँग अत्यन्तै महत्व बोकेको भिर मौरीलाई संरक्षण गर्नको निम्ति अध्ययन अनुसन्धानलाई बजेटको व्यवस्था गरीनेछ।

२१. यस गाउँपालिका भित्र पाइने रैथाने जातका जस्तै बाख्रा, भेडा, कुखुरा र सुँगुर लगायतका विभिन्न पशु पंक्षीहरुको संरक्षण र यस्ता पाल्ने कृषकहरुलाई उचित अनुदानको व्यवस्था गरीनेछ।

२२. कृषि तथा पशुपंक्षी बिमा कार्यक्रमलाई आगामी वर्षदेखि आवश्यक कार्यविधि बनाई लागू गरीनेछ।

२३. पशुपंक्षीमा लाग्ने रोगको निदान गर्नको निम्ति आवश्यक खोप कार्यक्रम सञ्चालन गरीनेछ।

२४. अलैची तथा उच्च प्रतिफल दिने अन्य जातका बोट बिरुवाहरुको प्रबर्द्धन गरी कृषकको जीवनस्तरमा सुधार ल्याइने छ।

<u>उद्योग तथा वाणिज्य</u>

२५. यस केपिलासगढी गाउँपालिकामा रहेका ढाका बुनाई, अल्लोको कपडा बुनाई, लोक्ताको हाते कागज निर्माण जस्ता कार्यलाई निरन्तरता दिदै उद्योगबाट उत्पादित सामाग्रीहरुलाई गाउँपालिकाले संकलन गरी बजारिकरण गर्ने व्यवस्था गरीनेछ।

२६. स्थानीय तहमा पाइने बाँस तथा मालिङ्गोबाट बनिने वस्तुहरुको उचित प्रवर्द्धन गरिनेछ। गाउँपालिकाले यसबाट बनेका वस्तुहरुको उचित बजारिकरण गरिनेछ।



समिर राई
अध्यक्ष

२७. यस गाउँपालिका भित्र कुनै किसिमको परम्परागत तथा घरेलु उद्योग स्थापना गर्नका लागि उद्यमी, व्यवसायीहरुलाई प्रोत्साहन गर्ने नीति ल्याइनेछ।

२८. यस गाउँपालिका भित्र रहेका वन तथा जडिबुटी सम्बन्धी अध्ययन गरी यही गाउँपालिकामा उद्योग स्थापना गर्ने उद्यमी तथा व्यवसायीहरुलाई आवश्यक सहयोग गरीनेछ।

२९. व्यवसायिक रुपमा निर्यातमुखी व्यापार व्यवसाय गर्ने व्यापारीहरुलाई उचित किसिमको सहयोग गर्ने कार्यक्रम ल्याइनेछ।

३०. स्थानीय रुपमा कृषि तथा अन्य घरेलु उद्योगबाट उत्पादित वस्तुहरुको व्यापारमा वृद्धि गर्न उद्यमी तथा व्यापारीहरुविच समन्वय गराई व्यापारमा प्रवर्द्धन गरीने नीति ल्याइनेछ।

३१. स्थानीय तहमा कृषि तथा घरेलु उद्योगबाट उत्पादित वस्तुहरुलाई राष्ट्रिय तथा अन्तराष्ट्रिय रुपमा चिनाउन मेला, महोत्सवको आयोजना गरीनेछ।

३२. हस्तकलाबाट निर्माण हुने सामाग्रीहरुलाई प्रोत्साहन गर्ने नीति बनाई आवश्यक कार्यक्रम लागू गरीनेछ।

३३. सामाजिक समावेशीकरणलाई केन्द्रित गरी लघु, घरेलु तथा साना उद्योग मार्फत् गरीवी न्यूनीकरणको लागि आवश्यक कार्यक्रम गरीनेछ।

३४. गरीबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रमको अवधारणालाई सबै वडाहरुमा अवलम्बन गरीनेछ।

३५. उद्यम विकासका लागि विभिन्न निकायबाट लगानी गरीने श्रोत तथा प्रदान गरीने सेवालाई एकीकृत ढङ्गले परिचालन गर्न वार्षिक संयुक्त कार्ययोजना बनाई कार्यान्वयन गरीनेछ ।

३६. लघु वित्त र अन्य आर्थिक सेवा सर्वसुलभ व्याजदरमा साना तथा लघु उद्यमीको पहुँचमा पुऱ्याइनेछ ।

३७. मेड्पा मोडेललाई लक्षित समूह अनुकुल बनाइनेछ ।

३८. **"लक्षित वर्गका सबै उद्यममा सरिक, कोही पनि नरहुन् गरीव"** भन्ने नाराका साथ उद्यम विकासका क्रियाकलापलाई केन्द्रित गरीनेछ ।

३९. वैदेशिक रोजगारबाट प्राप्त विप्रेषणको उपयोगद्धारा आयातलाई प्रतिस्थापन हुने गरी उद्यम व्यवसाय परिचालन गर्न आवश्यक कार्यक्रम गरीनेछ।

४०. समुहमा सञ्चालन हुने उद्यमका लागि साझा सुविधा केन्द्र स्थापनालाई निरन्तरता दिदै थप वडाहरुमा विस्तार गरीदै लगिनेछ।

४१. गरिबी निवारणको निम्ति आवश्यक पर्ने सबै किसिमको नीति तथा कार्य योजना अवलम्वन गरिनुको साथै यसको निम्ति आवश्यक सबै सरकारी तथा गैह्रसरकारी संस्थासँग साझेदारी गरिनेछ।

गाउँपालिका ... कार्यालय



समिर राई
अध्यक्ष

**सहकारी**

४२. विभिन्न वडामा सञ्चालित सहकारीहरुलाई आवश्यक कार्यविधि बनाई नियन्त्रण तथा नियमन गरीनेछ।

४३. सञ्चालित वित्तीय सहकारीहरुलाई उत्पादनमुखी कार्यक्रममा लगानी गर्न अभिप्रेरित गरीनेछ।

४४. सहकारीहरुको क्षमता अभिवृद्धि गर्न तालिम तथा गोष्ठीको आवश्यक व्यवस्थापन गरीनेछ।

४५. स्थानीय तहमा उत्पादित वस्तु बिक्री वितरण गरी आयआर्जन गरेका कृषकहरुलाई कृषि सहकारीमा आवद्ध गर्न उत्प्रेरित गरीनेछ।

४६. यस गाउँपालिका भित्र सञ्चालित रहेका लघु उद्यम र कृषक समुहहरुलाई सहकारी मार्फत लघु कर्जाको पहुँच विस्तार गरीनेछ।

४७. स्थानीय तह, सहकारी संस्था तथा गैरसरकारी संघ संस्थाहरुको साझेदारीमा आवश्यक नीति निर्माण गरी कार्यक्रम सञ्चालन गरीनेछ साथै गैरसरकारी संस्थाहरुलाई लगानी गर्ने वातावरण सिर्जना गरीनेछ।

## सामाजिक विकास अन्तर्गत

**शिक्षा**

४८. आधुनिक प्रविधिमैत्री शिक्षण प्रणालीको व्यवस्था गरीनेछ ।

४९. गाउँपालिका भित्रको माध्यामिक विद्यालयहरुमा विज्ञान प्रयोगशालाको व्यवस्था गरीनुका साथै ई-लाइवेरी जडान गर्दै लगिनेछ ।

५०. बुहारी शिक्षा कार्यक्रम लागू भइसकेको र यसलाई अझ प्रभावकारी रुपमा सञ्चालन गरीने नीति अवलम्बन गरीनेछ ।

५१. सामुदायिक विद्यालयका छात्राहरुलाई निशुल्क रुपमा दिइने स्यानिटरी प्याडको गुणस्तर कायम गर्दै त्यसको प्रभावकारी प्रयोगमा जोड दिइनेछ।

५२. सामुदायिक विद्यालयका दलित, जेहेन्दार, विपन्न, वहुमुखी प्रतिभा भएका पालिकाभित्रका एक-एक छात्र-छात्रा छनौट गरी १८ महिने प्राविधिक शिक्षाको लागि दिंदै आएको अध्यक्ष प्राविधिक छात्रवृत्ती आगामी वर्षदेखि ३ वर्षे प्राविधिक डिप्लोमा तहलाई प्रदान गरीनेछ ।

५३. प्रत्येक वर्ष गाउँपालिका भित्रका सामुदायिक विद्यालयका उत्कृष्ट दुई शिक्षकहरुलाई सम्मान तथा पुरस्कृत गरीनेछ।

५४. प्रत्येक विद्यालयमा कम्प्युटर र कम्प्युटर शिक्षकको व्यवस्था गरीदै लगिनेछ ।

५५. केपिलासगढी गाउँपालिका भित्रका सामुदायिक विद्यालयहरुमा अध्ययन गरी एस.ई.ई. परीक्षामा उत्कृष्ट नतिजा ल्याउने १/१ जना छात्र-छात्रालाई एक लाखका दरले दिँदै आएको पुरस्कारलाई निरन्तरता दिइनेछ।



समिर राई
अध्यक्ष

५६. पालिका भित्रको विभिन्न विषयगत शिक्षकहरुको अभाव टार्न स्वयम-सेवक/भोलन्टिएर शिक्षकको लागि विभिन्न कलेजहरुमा सम्झौता गरीनेछ।

५७. पालिकास्तरीय Education APP निर्माण गरी गाउँपालिका भरिका माध्यमिक विद्यालयहरुमा लागू गरीने छ ।

५८. गुणस्तरीय शिक्षामा जोड दिदैं विद्यालयहरुलाई आवश्यकताको आधारमा शैक्षिक सामाग्रीहरु उपलब्ध गराई विद्यार्थीहरुको चौतर्फी विकासमा विशेष ध्यान दिइनेछ ।

५९. प्रत्येक आधारभुत विद्यालयका कक्षाहरुलाई बालमैत्री बनाइदै लगिनेछ।

६०. शिक्षकहरुलाई विषयवस्तुमा उच्च दक्षताका साथ काम गर्नको लागि तालिमको व्यवस्था गरीनेछ।

६१. गाउँपालिका भित्र सञ्चालन भइरहेको पृथ्वी माध्यमिक विद्यालयलाई आवासीय विद्यालयहरुको रुपमा सञ्चालन सम्बन्धीं कार्यविधि निर्माण गरी आवासीय विद्यालयको रुपमा विकास गरी सञ्चालन गरीनेछ।

६२. उत्कृष्ट गुणस्तर सम्पादन गर्ने विद्यालयलाई सम्मान, पुरस्कार गरीनेछ।

६३. गाउँपालिकाभित्र स्नातक तहसम्मको अध्ययन अध्यापनको लागि क्याम्पस स्थापना गर्न पहल गरीनेछ।

६४. बालबालिकालाई खेलकुदमा प्रोत्साहन गर्नको लागि विद्यालयमा खेलकुद सामाग्री सहित खेल शिक्षकको व्यवस्था गरीनेछ साथै राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितालाई निरन्तरता दिइनेछ।

६५. विद्यालय उमेर समुहको बालबालिका विद्यालय शिक्षाबाट बञ्चित नहुन भन्ने उद्देश्यले हरेक वडाको जनप्रतिनिधीहरुको रोहवरमा शैक्षिक सत्रको सुरुमा विद्यालय भर्ना अभियान सञ्चालन गरी विद्यालय भर्ना उमेर समुहदर शतप्रतिशत पुऱ्याइनेछ।

६६. सामुदायिक विद्यालयको कक्षा १ देखि ३ सम्म दिइदै आएको निशुल्क अभ्यास पुस्तिका आगामी वर्षमा निरन्तरता दिदै कक्षा १ देखि ५ सम्म पुऱ्याइनेछ।

६७. गाउँपालिका भित्र सञ्चालित ल्यापटप डेक्स्टप र प्रिन्टर नभएका सामुदायिक विद्यालयहरुलाई ल्यापटप डेक्स्टप र प्रिन्टरको व्यवस्था गरीनेछ।

६८. प्रत्येक सामुदायिक माध्यामिक विद्यालयहरु र वडाहरुमा बाल क्लब गठन गरी दर्ता गर्न प्रोत्साहन गरीनेछ।

६९. सामुदायिक विद्यालयका व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, प्रधानाध्यापक, शिक्षकहरुलाई क्षमता विकास सम्बन्धी तालिमको आयोजना गरीनेछ।

७०. सामुदायिक विद्यालयका माध्यमिक तहका प्रधानाध्यापकहरुलाई रु.१,०००। र आधारभुत तहका प्रधानाध्यापकहरुलाई रु.५००।का दरले मासिक प्रधानाध्यापक प्रोत्साहन भत्ता दिइनेछ।

७१. सिर्जनशिल भरिया समाज राखा बाङ्देल ऐसेलुखर्क गाउँपालिका खोटाङ र जि-फाउन्डेसन झम्सिखेल ललितपुरको सहयोगमा प्रत्येक सामुदायिक विद्यालयहरुमा बालमैत्री धारा र



समिर राई
अध्यक्ष

बालमैत्री चर्पीको निर्माण गरी बालमैत्री धारा बालमैत्री चर्पीयुक्त विद्यालय घोषणा गरीनेछ। यसको निम्ति आवश्यक कार्यविधि बनाएर लागु गरिनेछ।

७२. सामुदायिक विद्यालयमा कार्यरत शिक्षिकाहरु सुत्केरी बिदामा बसेको अवधिभरको लागि सट्टा शिक्षकको व्यवस्था गरीनेछ।

७३. दुमी, कोयी, सामपाङ भाषाको पाठ्यक्रम कक्षा १ को निर्माण भई पाठ्यपुस्तक समेत वितरण भइसेको हुनाले आगामी वर्षदेखि यसलाई निरन्तरता दिई प्रत्येक वर्ष थप कक्षाहरुमा निरन्तरता दिइनेछ साथै आवश्यकता हेरेर अन्य भाषाहरुको पनि पाठ्यक्रम लागु गरिनेछ।

७४. सामुदायिक विद्यालयहरुको पानी तथा विजुलीको महसुलमा ५० प्रतिशत अनुदान प्रदान दिइनेछ।

## स्वास्थ्य

७५. गाउँपालिका भित्र अपाङ्ग, जेष्ठ नागरीक, गर्भवती महिलालाई निःशुल्क एम्बुलेन्स सेवा प्रदान गरिदै आएकोमा यसलाई निरन्तरता दिइनेछ।

७६. स्वास्थ्य चौकीबाट टाढा रही आधारभूत स्वास्थ्य सेवाबाट वञ्चित भएका स्थानहरुमा स्वास्थ्य ईकाइको स्थापना गर्न पहल गरीनेछ ।

७७. ग्रामीण बस्तीहरुमा वेलावेलामा घुम्ती सेवा मार्फत स्वास्थ्य चेकअप गरीनेछ।

७८. सवै स्वास्थ्य चौकीहरुमा गर्भवती महिलाहरुलाई ई-चेक जाँच गर्न अल्ट्रासाउण्ड मेशिनको व्यवस्था गरीनेछ । साथै दक्ष जनशक्तिको पनि व्यवस्था गरीनेछ ।

७९. जेष्ठ नागरीक, अपाङ्ग, असक्त, दीर्घरोगीसँग स्वास्थ्यकर्मी कार्यक्रम मार्फत घरघरमा निःशुल्क स्वास्थ्य परीक्षण गरीनेछ।

८०. स्वास्थ्य क्षेत्रमा कार्यरत स्वास्थ्य स्वंमसेविकाहरुले पुऱ्याएको योगदानको उच्च कदर गर्दै नीजहरुलाई प्रोत्साहन स्वरुप दिदै आएको मासिक रु.१,०००। प्रोत्साहन भत्तालाई निरन्तरता दिईनेछ।

८१. प्रत्येक स्वास्थ्य संस्थामा सौर्य विद्युत र स्वच्छ खानेपानीको व्यवस्था गरीनेछ।

८२. प्रत्येक स्वास्थ्य संस्थालाई दरबन्दी बमोजिमको स्थायी जनशक्ति व्यवस्थापन गरीनेछ। साथै स्वास्थ्य संस्थामा भएका जनशक्तिलाई तालिमको व्यवस्था मिलाइनेछ।

८३. नेपाल सरकारले स्वास्थ्य चौकीमा निशुल्क उपलब्ध गराउने औषधीलाई नियमित गरीदै लगिनेछ।

८४. पाठेघर तथा आङ खस्ने समस्या (Uterus Prolapse) को न्यूनिकरण गर्न स्क्रिनिङ क्याम्प अभियान सञ्चालन साथै समस्या आएका महिलाहरुलाई Ring Pressure लगाउने र उपचार खर्च वापत बीस हजारका दरले दिने यसका लागि आवश्यक कार्यविधि बनाई लागु गरिनेछ।

८५. विद्यालय किशोर किशोरी Blood Grouping तथा HB Checkup कार्यक्रम लागू गरिनेछ।



गाउँपालिकाको कार्यालय, खोटाङ

समिर राई
अध्यक्ष

८६. गर्भवती महिलालाई प्रोत्साहन गर्न प्रत्येक गर्भवती जाँच (ANC Checkup) मा १ प्याकेट आयोडिन नुन र १ क्यारेट अण्डा दिइने कार्यक्रमको कार्यविधि बनाई कार्यान्वयनमा ल्याइनेछ।

८७. स्वास्थ्य संस्थामा सुत्केरी भएका महिलाहरुलाई पाँच हजार बराबरको जनप्रतिनिधी नाङ्लो कार्यक्रमको कार्यविधि बनाई कार्यान्वयनमा ल्याइनेछ।

८८. २ बर्ष मुनिका बाल पोषण स्वास्थ्य प्रतिस्पर्धा कार्यक्रम ल्याइनेछ।

८९. यस गाउँपालिकामा मेरी स्टोप मार्फत् दिदै आएको इम्प्लान्ट र IUCD सुविधा यस गाउँपालिकाको स्वास्थ्य चौकीहरुमा कार्यरत नर्सिङका कर्मचारीहरुलाई Training प्रदान गरी स्वास्थ्य चौकी मार्फतबाट नै उपलब्ध गराइनेछ।

९०. RUSG तालिम, Implant र IUCD तालिमको व्यवस्था गरीनेछ।

**युवा तथा खेलकुद**

९१. गाउँपालिका भित्रका प्रदेश स्तरीय, राष्ट्रिय, अन्तराष्ट्रिय पदक विजेता खेलाडीहरुलाई सम्मान सहित पुरस्कारको व्यवस्था गरीनेछ ।

९२. **'एक वडा एक खेल'** मैदानको व्यवस्था गरीनेछ ।

९३. खेल प्रशिक्षकको व्यवस्था गरीनेछ ।

९४. बाक्सिला फुटवल क्लवद्धारा वार्षिक रुपमा आयोजना गरीदै आएको **"बाक्सिला गोल्डकप"** जस्तो ऐतिहासिक खेललाई प्रोत्साहन गरीदै लगिनेछ साथै यसको निम्ति आर्थिक व्यवस्थापन गरिनेछ।

९५. सवै किसिमका खेलकुदहरुलाई उचित व्यवस्थापन गर्दै लगिनेछ ।

९६. युवाहरु प्रति लक्षित गरी स्वरोजगार, क्षमता विकास साथै आत्मनिर्भर कार्यक्रम ल्याइनेछ ।

९७. क्रमागत रुपमा संचालनमा आएको खेलकुदलाई निरन्तरता दिइनेछ ।

९८. राष्ट्रिय खेलको रुपमा रहेको भलिबल खेलको विकासको लागि भौतिक संरचना सहित विशेष कार्यक्रम संचालन गरीनेछ ।

९९. अध्यक्षसँग युवा कार्यक्रम आगामी वर्षदेखि लागु गरिनेछ। यसको निम्ति आवश्यक बजेटको व्यवस्था गरिनेछ।

**महिला बालबालिका, जेष्ठ नागरीक तथा फरक क्षमता**

१००. महिलाहरुको निम्ति सीपमूलक आय-आर्जन वृद्धि गरी आत्मनिर्भर तथा जनचेतनामुलक कार्यक्रम संचालनमा ल्याईनेछ ।

१०१. जेष्ठ नागरीकहरुको अनुभवलाई विषेश कदर तथा सल्लाह सुझाव मार्फत आयआर्जन मुलक कार्यक्रमहरु संचालन गरीनेछ ।

१०२. जेष्ठ नागरीकहरुलाई विभिन्न दिवसहरुको अवसरमा सम्मान गरीनेछ ।



खोटाङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बाक्सिला, खोटाङ

समिर राई
अध्यक्ष

१०३. अपाङ्गता भएका व्यक्तिहरुको लागि आत्मावल उच्च हुने साथै उहाँहरुको क्षमता अनुसारको कार्यक्रम संचालन गरीनेछ ।

१०४. अपाङ्गता भएका व्यक्तिहरुलाई प्रत्यक्ष लाभ पुग्ने गरी संस्थागत विकासमा जोड दिईनेछ।

१०५. घरेलु हिंसा, यौनजन्य हिंसा र अन्य हिंसाजन्य क्रियाकलापलाई न्यूनीकरण गर्न कानून बनाई कडाइका साथ लागु गरिनेछ।

१०६. महिला दिवस सम्वन्धि कार्यक्रमहरु प्रभावकारी रुपमा संचालन गरीनेछ।

१०७. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण प्रवर्द्धन गर्न बालबालिका, दलित, महिला, आदिवासी जनजाति, अल्पसङ्ख्यक, जेष्ठ नागरीक, विधवा भएका महिला, अपाङ्गता भएका व्यक्ति, एकल महिला र बञ्चितीकरणमा परेका सबै नागरीकहरुलाई राज्यको मुलधारमा ल्याइनेछ।

१०८. बालबालिका पुनर्स्थापना केन्द्र, जेष्ठ नागरीक आश्रय केन्द्र, अशक्त स्याहार केन्द्रको स्थापना गरीनेछ ।

१०९. जेष्ठ नागरीक, बालबालिका तथा अपाङ्गमैत्री सार्वजानिक स्थलहरु निर्माण गरीनेछ।

११०. प्रत्येक वडामा एक-एक वटा बाल उद्यान निर्माण गरीनेछ ।

१११. बालबालिका बचाउ, बाल संरक्षण र बाल सहभागीताका विविध पक्षहरुमा सम्वन्धित सरोकारवालाहरुको समन्वयमा विषेश कार्यक्रम संचालन गरीनेछ ।

११२. किशोरीहरुलाई सुरक्षित र आत्मनिर्भर बनाउन किशोरी प्रशिक्षक प्रशिक्षण सम्बन्धि रुपान्तरण कार्यक्रम संचालन गरीनेछ ।

११३. हिंसा पीडित महिलाहरुको लागि सुरक्षित आवास गृह सञ्चालमा ल्याइनेछ।

११४. श्रीमान तथा घर परिवारबाट अपहेलित महिलाहरुको लागि सीपमुलक तालिम सञ्चालन गरीनेछ ।

११५. हिंसा पिडित महिलाहरुलाई मनोसामाजिक समस्या तथा परामर्श सेवा सम्बन्धि कार्यक्रम संचालन गरिनेछ।

११६. उपाध्यक्षसँग महिला तथा जेष्ठ नागरीक कार्यक्रम लागु गरीनेछ।

## पूर्वाधार

**सडक**

११७. साविकको वडाहरुबाट आफ्नो वडा कार्यालय जाने सडक बाहैं महिना सञ्चालन हुने गरी सडकको स्तरोन्नती गरीनेछ ।

११८. प्रत्येक वडा कार्यालयबाट छोटो दूरीमा गाउँपालिकाको केन्द्रसम्म आउने सडकलाई बाह्रै महिनासम्म सञ्चालनमा ल्याइनेछ।

११९. बाक्सिला- ससेश्वर- कादेल- जालपा- सडक, बाक्सिला- चोखुम- निभारे- जालपा सडक, बास्पानी- राटीं- खार्मी- दिक्तेल सडक, बालावेशी- शनिबारे- पाथेका- सोल्मा- दिक्तेल



समिर राई
अध्यक्ष

सडक, सुम्दे- चोखाने- पाथेका- सडक, सालपा- सुङ्देल- बाक्सिला- फेदी- भोजपुर सडक, बाक्सिला- दिप्सुङ- बहाने- सडकलाई प्रदेश वा संघमा सडक स्तरोन्नती तथा पक्कीको लागि पहल गरीनेछ।

१२०. गाउँपालिका भित्रका नयाँ सडक निर्माणलाई प्राथमिकता भन्दा पुराना सडकहरुको स्तरोन्नती गरीनेछ ।

१२१. बाक्सिला- खत्रीगाउँ- दाम्खु- बिरुडाडाँ- बिहीबारे- सुङ्देल साल्पा सडक, फेदी- भोजपुर- किमाथाङ्का सडक, फेदी- धोद्रे- भोजपुर सडक स्तरोन्ती तथा निर्माणको निम्ति पहल गरिनेछ।

१२२. बाक्सिला-बास्पानी, खार्तम्छा- फेदी (सहिद मार्ग) सडकको स्तरोन्नती साथै विस्तार गर्दै लगिनेछ।

१२३. सडक क्षमताको आधारमा सवारी साधन व्यवस्थापनको कार्यविधि तयार गरीनेछ।

१२४. हरेक वडामा एउटा योजना खानेपानी, सडक, सिँचाई, भवन, पार्क, सोलिङलाई नमूना योजनाको रुपमा अगाडि बढाइनेछ।

१२५. गाउँपालिकाद्वारा सञ्चालित सबै योजनाहरु १ नं देखि ७ नं वडाका उत्कृष्ट योजनाहरु छनौट गरी पुरस्कृत गरीनेछ।

**भवनहरु**

१२६. प्रत्येक वडा कार्यालयको प्रशासनिक भवन एउटै मोडलमा निर्माण गर्नको लागि डिपीआर तयार गरीसकेको हुनाले प्रदेश तथा संघीय सरकारसँग निर्माणको निम्ति पहल गरी आवश्यकताको आधारमा निर्माण गरीदै लगिनेछ।

१२७. आ.व.-२०७९।८० मा राष्ट्रपति शैक्षिक सुधार अन्तर्गत ४ कोठे २ वटा २ कोठे ३ वटा भवन यो वर्ष परेकोमा आगामी दिनमा आवश्यकता हेरी विद्यालय भवन निर्माणको निम्ति सम्बन्धित निकाय समक्ष पहल गरिनेछ।

१२८. प्रत्येक कार्यालयहरुको साथै सामुदायिक भवनहरु क्रमिक रुपमा निर्माण गरीदै लगिनेछ ।

१२९. विद्यालय भवन तथा भौतिक संरचनाहरु बालमैत्री तथा अपाङ्गमैत्री हुने गरी पुर्णरुपमा सुधार तथा निर्माण गरीनेछ।

१३०. एकिकृत नमुना बस्तीको अवधारणालाई अगाडि बढाइनेछ।

१३१. ईलाका प्रहरी कार्यालय बाक्सिलाको भवन निर्माणलाई प्राथमिकताका साथ अगाडि बढाइनेछ।

१३२. सडक तथा भवन निर्माण मापदण्डलाई अनिवार्य रुपमा भवन नियमन तथा नक्सा शाखा स्थापना गरी यस गाउँपालिका भित्र निर्माण हुने र निर्माण भइसकेका सबै भवनहरुलाई गाउँपालिकाको नीति नियमभित्र ल्याइनेछ।

समिर राई
अध्यक्ष

## पुलहरु

१३३. रावा खोला दिप्सुङ मोटरेवल पुल, जोर ढुङ्गा तापखोला मोटरेवल पुल संघीय सरकारको योजनामा परेको हुनाले यसको निर्माणको लागि चाडो सम्बन्धित निकायमा पहल गरीनेछ। साथै आवश्यकता हेरी विभिन्न खोलाहरुमा मोटोरेवल पुलहरु निर्माण गरीनेछ।

१३४. शनिवारे तापखोला पुल, तपसी तापखोला फेदी पक्की सडक पुलहरुको निर्माणको निम्ति पहल गरिनेछ साथै खार्तम्छा बालाबेसी- चोखाने र चेर्खे खोला सुङ्देल बेलीबृजको निम्ति सम्भाव्यता अध्ययन गरी कार्य अगाडि बढाइनेछ।

१३५. आवश्यकताको आधारमा ट्रसपुल, झोलुङ्गे पुल निर्माण गरीनेछ।

## खानेपानी तथा सरसफाई

१३६. खानेपानीको मुहान सरसफाई गरी त्यस्ता स्रोतहरुलाई संरक्षण तथा सम्वर्द्धन गरी ५ बर्ष भित्र केपिलासगढी गाउँपालिकाका सबै घर धुरीमा **'एक घर एक धारा'** पुऱ्याउने नीति रहेको हुनाले यस कार्यक्रमलाई निरन्तर अगाडि बढाइनेछ।

१३७. पालिका भित्र खानेपानी मुहान नभएको स्थानहरुमा खानेपानी लिफ्टिङको व्यवस्था गरीनेछ

१३८. खानेपानीको प्रत्येक मुहानहरु संरक्षण गरीनेछ ।

१३९. रिचार्ज पोखरी निर्माण तथा संरक्षण गरीनेछ ।

१४०. विश्वमा जलवायु परिवर्तनले हामी जस्तो विकासन्मुख देशहरु समस्यामा परेकाले वातावरण तथा जलवायु परिवर्तन सम्बन्धी आवश्यक नीति निर्माण गरी **"स्वस्थ्य वातावरण, स्वस्थ्य जीवन"** भन्ने मुल नारालाई आत्मसाथ गर्दै कार्यान्वयन गरीनेछ।

१४१. हरेक टोल बस्तीमा सरसफाई अभियान चलाउन **"म बनाउछु मेरो टोल, हामी सबैको एउटै बोल"** भन्ने नारालाई कार्यान्वयन गरी विद्यालय, सार्वजानिक स्थलहरुमा सबैको सहभागीताबाट कार्यक्रम सञ्चालन गरीनेछ।

## विद्युत/ उर्जा

१४२. स्थानीय लघु जलविद्युत आयोजनाहरुलाई व्यवस्थापन गर्दै केन्द्रीय विद्युतको ग्रामीण विद्युतीकरण अन्तर्गत ठेक्का लागी सकेको हुनाले यस पालिकामा पनि काम सञ्चालन हुन लागेकाले सबै घरघरमा विद्युत जडान गरी ३ वर्ष भित्र उज्यालो गाउँपालिका घोषणा गरीनेछ।

१४३. विद्युतका सबै किसिमका काठे पोलहरु हटाई गाउँपालिकालाई काठे पोल मुक्त बनाउने कार्यक्रम शुरु गरीसकिएको हुनाले आगामी दिनमा यसलाई निरन्तरता दिई काठेपोल मुक्त गरिनेछ।

१४४. बजारको मुख्य मुख्य स्थानमा सडक बत्तीलाई व्यवस्थित गरीदै लगिनेछ र क्रमागत रुपमा वडा स्तरमा सञ्चालन गरीनेछ।

समिर राई
अध्यक्ष

**सिंचाई**

१४५. सवै खेतीयोग्य जमिन तथा नगदेवालीहरुलाई आवश्यकताका आधारमा सिंचाईको पर्याप्त व्यवस्था गरीनेछ ।

१४६. जलस्रोतको अधिकतम उपयोग गर्दै नयाँ तथा पुराना साना सिचाई परियोजना, परम्परागत कुलो सिचाईहरु सञ्चालनमा ल्याइनेछ।

१४७. साना सिँचाई कार्यक्रम अन्तर्गत गाउँपालिकाले व्यहोर्नु पर्ने दायित्व र सञ्चालन गर्दा खेल्नुपर्ने भुमिका जिम्मेवारी तरिकाबाट खेलिनेछ।

**वन, वातावरण तथा विपद, व्यवस्थापन**

१४८. सामुदायिक वनहरुलाई व्यवस्थापन गरी समुदायको आयआर्जनको रुपमा विकास गरीदै लगिनेछ।

१४९. खुल्ला क्षेत्रहरुमा वृक्षरोपण गरीनेछ।

१५०. खेतीयोग्य जमिन गाउँ बस्तीहरु नदी, खोलाले कटान गरीरहेको हुनाले आवश्यक तटबन्धनको व्यवस्था गरीनेछ।

१५१. यस गाउँपालिका भित्रका वनजङ्गलको संरक्षण गरीनुका साथै वन जङ्गलबाट प्राप्त जडिबुटीहरुको पहिचान तथा अनुसन्धान गरी दिगो विकासमा प्रयोग गरीनेछ ।

१५२. डढेलो, बाढी, पहिरो, आगलागी, नदी कटान, चट्याङ जस्ता प्राकृतिक प्रकोपको रोकथामको लागि विशेष कार्यक्रम गरीनेछ।

१५३. चरन क्षेत्र तथा सिमसार क्षेत्रको संरक्षणमा विशेष ध्यान दिइनेछ ।

१५४. लोपोन्मुख प्रजातिका चराचुरुङ्गी, वनस्पती, जंगली जनावर, किरा फट्याङ्गराहरुको संरक्षणमा विशेष कार्यक्रम ल्याइनेछ।

१५५. केपिलासगढी गाउँपालिका वडा नं. १ मा पाइने रेड पाण्डा साथै भीर मौरी संरक्षण गरीनेछ।

१५६. सामुदायिक वनहरुमा अग्नी रेखाको व्यवस्था गरीनेछ।

## पुर्वाधार विकास

**पर्यटन तथा संस्कृति**

१५७. सुङदेल-सालपा, फेदी- चित्रे- ढोलटासे पर्यटन पदमार्ग निर्माण गरीनेछ ।

१५८. बाक्सिला हरेलोडाँडा, ढालतरवार हुँदै मुन्दुम ट्रेलसँग जोडिने पदमार्गको निर्माण कार्य शुरु गरीसकिएको हुनाले यसलाई निरन्तरता दिइनेछ।

१५९. पर्यटन पर्वद्धनको लागि पर्यटकीय स्थलहरुको पहिचान गरी डिपिआर तयार गरी वजेट व्यवस्थापनको लागि प्रदेश र संघसँग पहल गरीनेछ ।

१६०. स्थानीय जातिहरुको धर्म, संस्कार, संस्कृति झल्कने किसिमको एकिकृत पहिचान हुने गरी केपिलासगढी साँस्कृतिक पार्क निर्माण गरीनेछ।

केपिलासगढी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बाक्सिला, खोटाङ



समिर राई
अध्यक्ष

१६१. यस गाउँपालिका भित्र रहेका पर्यटकीय क्षेत्रहरुलाई प्रवर्द्धन गरी आन्तरिक तथा बाह्य पर्यटकलाई आकर्षित गर्न पर्या-पर्यटन (Eco- Tourism)को अवधारणालाई बढवा दिइनेछ।

१६२. गाउँपालिका भित्र बसोबास गर्ने विभिन्न जातजातिका भाषा संस्कृतिलाई प्रवर्द्धन गर्न कार्यक्रम सञ्चालन गरीनेछ।

१६३. केपिलासगढी डाँडालाई संरक्षण गरी पर्यटकीय स्थलको रुपमा विकास गर्दै लगिने छ।

१६४. सबै ऐतिहासिक थलोहरुको पहिचान गरी उचित संरक्षण सम्वर्द्धन गरीनेछ।

१६५. यस गाउँपालिका भित्र बसोबास गरीरहेका जातिहरुको बाहुल्यता हेरेर उक्त ठाउँमा **साँस्कृतिक होम स्टे**को निर्माण गर्न सम्भाव्यता अध्ययन गर्ने कार्यक्रम अगाडि बढाउनको लागि बजेटको व्यवस्था गरीनेछ।

१६६. आवश्यकता हेरी गाउँपालिका भित्रका गोरेटो बाटोहरुलाई विकास गरीदै लगिनेछ।

१६७. यस गाउँपालिका भित्र रहेका कला, साहित्य, संगीत, संस्कृति र सिर्जनाको दस्तावेजीकरण गर्नुका साथै यस क्षेत्रमा योगदान दिएका व्यक्तिहरुलाई गाउँपालिकाले सहयोग तथा सम्मान गर्नेछ।

१६८. गाउँपालिका भित्र रहेका धार्मिक साँस्कृतिक तथा पुरातात्विक महत्व बोकेका ठाउँहरुको अध्ययन तथा अनुसन्धान गरीनेछ।

## सार्वजानिक सेवा तथा क्षमता विकास

### संस्थागत सुधार तथा सुशासन प्रवर्द्धन

१६९. यस गाउँपालिकाको सबै करार सेवामा नियुक्ति भई १५ वर्ष सेवा अवधि पुरा गरेका तथा ५० वर्ष उमेर नाघेका कर्मचारीहरुको १० प्रतिशत रकम निजको तलबबाट कट्टा गरी गाउँपालिकाले सो रकममा १० प्रतिशत थप गरी कोष खडा गर्नेछ र निज व्यक्ति सेवाबाट अवकास भए पश्चात निजलाई एकमुष्ठ रकम उपदान स्वरुप उपलब्ध गराउने गरि आवश्यक कार्यविधि बनाईने छ।

१७०. संघीय शासन प्रणाली अन्तर्गत तीन तहका सरकारहरुबीच समन्वय सहकारिता तथा सह-अस्तित्वको आधारमा संस्थागत क्षमताको विकास गरीनेछ ।

१७१. यस गाउँपालिकाको संस्थागत सुधार तथा मानव संशाधन क्षमता विकास गर्न विभिन्न तालिम, गोष्ठी, अभिमुखिकरण लगायतका कार्यक्रमलाई प्राथमिकता दिईनेछ ।

१७२. कर्मचारीको कार्य विवरण तथा कार्य सम्पादन मुल्याङकनलाई व्यवस्थित र वैज्ञानिक बनाउदै लगिनेछ।

१७३. कर्मचारीहरुको वृत्ति विकासका सम्पूर्ण पक्षहरुलाई ध्यान दिई कर्मचारी उत्प्रेरणाका विभिन्न रणनीतिहरु अबलम्बन गरीनेछ ।

केपिलासगढी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बाक्सिला, खोटाङ



समिर राई
अध्यक्ष

१७४. सुशासन प्रवर्द्धनका लागि विद्युतीय शासन ( E-Governance) लाई आत्मसात गरीनेछ ।

१७५. सुशासनयुक्त पालिका निर्माण गर्न कानूनी शासन, सूचना प्रविधिमैत्री सेवा प्रवाह तथा नवप्रवर्तनकारी नीति अवलम्बन गरीनेछ ।

१७६. घुम्ती सेवा, घर दैलो कार्यक्रम लगायतका विभिन्न विधिहरु मार्फत सार्वजनिक सेवा प्रवाहलाई जनमुखी, जवाफदेही, सहभागितामूलक, पारदर्शी तथा अनुमानयोग्य बनाइनेछ।

१७७. पालिकामा हाल उपलब्ध स्रोत साधनहरुलाई थप व्यवस्थित गरी अधिकतम परिचालन गरिनेछ।

१७८. दक्ष जनशक्ति तथा कर्मचारीको अभावमा गाउँपालिकाले लिएको लक्ष्य पुरा हुन नसक्ने देखिएको हुँदा कार्यालयको काममा बाधा पुग्ने गरी कर्मचारीहरुलाई सरुवा सहमति प्रदान गरिने छैन।

१७९. स्वीकृत दरबन्दी तेरिज बमोजिम लोकसेवा आयोगमा कर्मचारी माग गरीनेछ।

१८०. गाउँपालिकामा रहेका विभिन्न सेवाका कर्मचारीहरुलाई योग्यता, क्षमता र कार्यदक्षताको आधारमा जिम्मेवारी हेरफेर गर्ने साथै निजामती सेवा ऐन बमोजिम दण्ड र पुरस्कारको व्यवस्था गर्ने।

१८१. कर्मचारीहरुको कार्यसम्पादनलाई प्रभावकारी बनाउन तथा क्षमता अभिबृद्धि गर्नका लागि विभिन्न तालिमहरु सञ्चालन गरीने।

१८२. जनप्रतिनिधिहरुलाई आफ्नो काम कर्तब्य र अधिकारको बारेमा सुसूचित गर्न नेपालको संविधान, प्रचललित ऐन कानून, स्थानीय सरकार सञ्चालन ऐन लगायत विविध आधारभूत कानूनी ज्ञान हाँसिल गर्न कार्यसाला गोष्ठी आयोजना गरीने।

१८३. सुशासन र पारदर्शिता कायम गर्न र गराउन हरेक शाखा र कार्यालयहरुको नियमित अनुगमन गर्ने।

१८४. कर्मचारी प्रशासनलाई सक्रिय र परिणाममुखी बनाउन नियमित मासिक प्रगति प्रतिवेदन हरेक शाखा तथा वडामा रहेका कार्यालयहरुले अनिवार्य तयार गरी प्रमुख प्रशासकीय अधिकृत मार्फत कार्यपालिका बैठकमा पेश गर्ने।

१८५. सेवाग्राहीहरुलाई सेवा प्रवाह गर्दा कर्मचारी तथा जनप्रतिनिधिहरु प्रति कुनै पनि किसिमको नकारात्मक भाव पैदा हुन नदिने र सेवाग्राहीहरुलाई सकारात्मक मोटिभेसन गरी मुस्कान सहितको सेवा प्रबाह गर्ने।

१८६. विभिन्न उत्सव, जात्रा तथा राष्ट्रिय दिवशहरुलाई भव्यतापूर्वक सम्पन्न गर्ने।

१८७. गाउँपालिका क्षेत्रभित्र रहेका सार्वजनिक तथा सरकारी सम्पति,भवन,सडक,उद्योग,खानी खनिज, वन आदिको विवरण अद्यावधिक गर्ने।

१८८. धार्मिक तथा साँस्कृतिक स्थलहरु मन्दिर, पाटि पौवा, देवस्थल तथा पर्यटकीय क्षेत्रहरुको लगत अद्यावधिक गर्ने।

१८९. गाउँ प्रहरीको व्यवस्थापन गरी गाउँपालिकाको नीति, कानून तथा मापदण्ड र निर्णयहरु प्रभावकारी रुपमा कार्यान्यन गर्ने।

१९०. गाउँपालिकाको लोगो निर्माण गर्नको लागि आवश्यक प्रक्रिया अगाडि बढाइनेछ।



समिर राई
अध्यक्ष

**सूचना तथा प्रविधि**

१९१. सूचना र प्रविधिको प्रयोगलाई व्यवस्थित गर्न विद्युतीय शासनको अवधारणा लागू गरीनेछ।

१९२. गाउँपालिकाको दैनिक रिपोर्टमा सहजीकरणको लागि मोवाइल एप को व्यवस्था गरीनेछ।

१९३. वडा कार्यलय सम्म इन्टरनेटको सुविधा सुदृढिकरण गर्न वजेट को व्यवस्था मिलाइनेछ

१९४. रेडियो, पत्रपत्रिका सम्बन्धी आवश्यक नीति निर्माण गरी सञ्चालनमा सहजीकरण गरीनेछ।

१९५. सुशासनका सर्वमान्य मापदण्डहरुको आधारमा हरेक वडाहरुको मूल्याङ्कन गरी पालिकाको सुशासन सूचकको अभिलेख तयार गरीनेछ।

१९६. कार्यलयमा सेवा लिन आउने सेवाग्राहीहरुको सुविधाको लागि समपूर्ण वडा कार्यालय परिसर तथा गाउँकार्यपालिकाको कार्यालयमा **Free Wifi** सञ्चालनको निम्ति बजेटको व्यवस्था गरीनेछ।

**सामाजिक सुरक्षा तथा पञ्जिकरण सम्बन्धी**

१९७. सामाजिक सुरक्षा भत्तालाई पारदर्शी, सुरक्षित, र मर्यादित बनाइनेछ।

१९८. सामाजिक सुरक्षा भत्ता वितरणमा बैंङ्किङ प्रणालीलाई व्यवस्थित बनाइनेंछ ।

१९९. घटना दर्ता प्रणालीलाई सहज बनाउन घुम्ती शिविर सेवा सञ्चालन गरीनेछ ।

२००. घटना दर्ता सप्ताहमा विभिन्न कार्यक्रम सञ्चालन गरी यस सम्बन्धि जनचेतनामुलक कार्यक्रम संचालन गरीनेछ ।

२०१. पञ्जिकरण सम्बन्धि कार्यलाई व्यवस्थित बनाउन संस्थागत सुधार गरीनेछ ।

**सामी परियोजना अन्तर्गत**

२०२. समग्र यूवाहरुको सीप, क्षमता र अनुभवलाई एकिकृत गरी स्वदेशमै रोजगार बनाउने नीति तथा कार्यक्रमहरुलाई प्राथमिकता दिने ।

२०३. बैदेशिक रोजगारमा गएका ब्यक्ति, उनीहरुको परिवार र बैदेशिक रोजगारबाट फर्केका ब्यक्तिहरुको विवरण सहितको प्रोफाईल तयार गरी उनीहरुको सीप, क्षमता र श्रोतलाई पालिकामै सदुपयोगका लागि प्रोत्साहन गर्ने नीति ल्याईने छ।

२०४. बैदेशिक रोजगारमा गएका ब्यक्ति, उनीहरुका परिवार र फर्केका ब्यक्तिहरुलाई विदेशबाट प्राप्त विप्रेषण, सीप र क्षमताको सदुपयोग गर्न अन्य आर्थिक उपार्जनका कार्यक्रमहरुमा सहभागी हुन मनोसामाजिक तथा वित्तीय साक्षरता कक्षाहरु मार्फत कार्यक्रम संचालन गरीने छ ।

२०५. रोजगार (स्वदेश तथा बिदेश)मा प्रवेश गर्ने युवाहरुको सीप विकासका लागि सीपमूलक तालिमहरुको व्यवस्था गरी उनीहरुको रोजगारी सुरक्षित र कमाईलाई लाभदायिमूलक बनाउन कार्यक्रम सञ्चालन गरीनेछ।

समिर राई
अध्यक्ष

२०६. वैदेशिक रोजगारीबाट ज्ञान सीप हासिल गरी फर्केका यस गाउँपालिका भित्रका नागरीकहरुलाई Startup अनुदानको व्यवस्था गरीनेछ।

२०७. वैदेशिक रोजगारलाई आम्दानीको विकल्पको रुपमा छनौट गरेको युवाहरुका लागि सहि तथ्यपुर्ण सूचना प्रवाह गर्ने प्रणालीको विकास गरीनेछ ।

२०८. वैदेशिक रोजगारका क्रममा हुने ठगीलाई कम गर्नका लागि जनचेतनामुलक कार्यक्रमहरु संचालन गरीनेछ।

२०९. वैदेशिक रोजगारीको कारणले हुने घरेलु हिंसा, लाञ्छना र भेदभाव न्यूनिकरणको लागि अभिमुखीकरण कार्यक्रम संचालन गरीनेछ।

## सहकार्य तथा साझेदारी कार्यक्रमहरु

२१०. दुधकोशी जलाधार तथा सम्बन्धित उप-जलाधार क्षेत्रको दिगो व्यवस्थापनको लागि पानी श्रोत संरक्षण र सदुपयोग, वन व्यवस्थापन संरक्षण, कृषि प्रवर्धन, जडीबुटीखेती जस्ता कार्य लाई विशेष प्राथमिकताका साथ सञ्चालन गरीने छ।

२११. आवश्यकताको आधारमा सबै संघ सस्थाहरुसँग पालिकाको विकासको निम्ति साझेदारीमा कार्यक्रम अगाडि गढाईनेछ ।

२१२. यस पालिकामा विभिन्न कार्यक्रमहरु सञ्चालन गर्दै आइरहेको सिर्जनशील भरिया समाज राखा बाङ्देल ऐसेलुखर्क खोटाङ र जि-फाउन्डेसन झम्सिखेल ललितपुरद्वारा सञ्चालित कार्यक्रमहरुलाई प्राथमिकतामा राखी गाउँपालिकाले गर्नुपर्ने सम्पूर्ण किसिमको सहयोगहरु गरीनेछ।

२१३. यस गाउँपालिकाभित्र विभिन्न गैह्रसरकारी तथा दातृनिकायहरुले गरीरहेको कार्यक्रमको अनुगमन मुल्याङ्कनको निम्ति आवश्यक नीति तर्जुमा गरी लगानी गर्ने वातावरण तयार पारिनेछ साथै प्रोत्साहन गरीनेछ।

२१४. अपाङ्गमैत्री कार्यक्रमहरु सञ्चालन गर्न प्रदेश सरकारले लिएको नीति अनुरुप प्रदेश सरकार र करुणा फाउन्डेसन लगायत अन्य गैह्रसरकारी संस्थाहरुसँग साझेदारी गरिनेछ।

अन्त्यमा, केपिलासगढी गाउँपालिकाको सम्मानित गाउँसभाको १३ औं अधिवेसनमा उपस्थित आदरणीय गाउँपालिका उपाध्यक्ष ज्यू, सम्मानित गाउँसभाका सदस्यज्यूहरु, राष्ट्रसेवक कर्मचारीज्यूहरू, आमन्त्रित सुरक्षाकर्मी तथा पत्रकार साथीहरु यस केपिलासगढी गाउँपालिकाको गाउँसभाको तेह्रौं अधिवेशनमा नीति तथा कार्यक्रममा सहभागी भई आफ्नो अमूल्य समय दिई उपस्थित रहनु हुने सम्पूर्ण महानुभावहरुमा केपिलासगढी गाउँपालिकाको तर्फबाट हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

केपिलासगढी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बाक्सिला, खोटाङ



...........................
समिर राई
समिर राई
अध्यक्ष